नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

## मोवाइल फुड ल्याव भ्यानको प्रयोग गरी चाडपर्व लक्षित खाद्य बजार निरीक्षण अनुगमन सम्वन्धी प्रेस नोट

यस विभागबाट मिति २०८१ कार्तिक ०५ गते काठमाडौं उपत्यका भित्र मोवाइल फुड ल्याव भ्यानको प्रयोग गरी चाडपर्व लक्षित खाद्य पदार्थहरुको नियमित तथा संयुक्त निरीक्षण अनुगमनका लागि टोलीहरु खटाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम निम्न खाद्य उद्योग एवं व्यवसायहरुको निरीक्षण अनुगमन, खाद्य पदार्थको नमूनाको प्रारम्भिक चेकजाँच तथा कारबाही गरिएको व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.स. | अनुगमन गरिएकोखाद्य व्यवसायको नाम तथा ठेगाना | स्थलगत अवस्था | मोवाइल फुड ल्यावमा गरिएको प्रारम्भिक नमूना चेकजाँच सम्बन्धी विवरण | कैफियत/कारवाही |
|---|---|---|---|---|
| १ | अरविका पिज्जेरिया प्र. लि., काठमाडौं-०९, सिनामंगल | काँचो तथा पकाएका खाद्य पदार्थ लेवल विवरण नलगाई एकै ठाउंमा नछोपी भण्डारण गर्ने गरेको। उपोभग्य मिति समाप्त भएको खाद्य पदार्थ देखिएको। पेस्ट कन्ट्रोल प्रभावकारी नरहेको र सरसफाई संतोषजनक नरहेको। | - | उपोभग्य मिति समाप्त भएका तोफु १ प्याकेट, अपर क्रस्त ब्रान्डको वन २ प्याकेट, टेस्टी पिक्सेल ब्रान्डको स्ट्रबेरी सिरप १.३ केजीको ४ डब्बा नष्ट गरिएको। साथै किचेनमा खाना तयारी गर्ने कार्य तत्काल बन्द गरी निरीक्षणका क्रममा देखिएका कमी कमजोरी सुधार गरि सो को सप्रमाण विभागमा जानकारी गराई पुनः निरीक्षण पश्चात् मात्र सेवा प्रदान गर्ने गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही अगाडी बढाएको। |

| | | | | |
|---|---|---|---|---|
| २ | कालु स्टोर, का.म.न.पा-३२ | खाद्य तथा अखाद्य पदार्थ संगै राखिएको, खाद्य पदार्थ नछोपी भण्डारण गर्ने गरेको र सरसफाई संतोषजनक नरहेको। | प्रयोग गर्ने गरेका जुसका २ वटा नमूनाहरु चेकजाँच गर्दा कैफियत नपाईएको। | निरीक्षणका क्रममा देखिएका कमीकमजोरी सुधार गर्न निर्देशन दिएको। |
| ३ | दाउरा थकाली प्रा.लि., का.म.न.पा-३२ | किचेनको अवस्था सामान्य रहेको। | किचेनमा प्रयोग गरेको तेल, घ्यू, मह, पानी तथा दूधका ७ वटा नमूनाहरु चेकजाँच गर्दा कैफियत नपाईएको। | |
| ४ | रामेश्वर स्विट्स एण्ड स्न्याक्स, का.म.न.पा-३५ | सरसफाई सामान्य रहेको र भण्डारण कक्षमा खाद्य पदार्थ लेबल लगाएर भण्डारण गर्ने गरेको। | मिठाई, दूध तथा पानीका ९ वटा नमूनाहरु चेकजाँच गर्दा कैफियत नपाईएको। | |
| ५ | नेपाल डेरी प्रा.लि.,हात्तिवन, ललितपुर | बर्गर तथा पिजामा लेवल नभएको तथा सरसफाईमा कमी रहेको | - | जिल्ला प्रशासन कार्यालय, ललितपुर र स्थानीय निकाय समेतको संयुक्त अनुगमनका क्रममा कैफियत पाइएकोले उपभोक्ता संरक्षण ऐन बमोजिम रु. ५०,००० जरिवाना गरिएको र सरसफाईमा ध्यान दिन निर्देशन दिएको। |

मोहन कृष्ण महर्जन

प्रवक्ता, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

२०८१/०७/०५